


**Research Management Cell**
**Adarsha Multiple Campus**

**AMC Journal**
**Link : https://doi.org/10.3126/amcj.v4i1.63866**

ISSN: 2717-4808 (Print), 2738-9987 (Online)

# 'सेतो धरती' उपन्यासमा भाषिक विचलन

**मुक्तिकला लामिछाने***

## सार

*यो लेख अमर न्यौपानेद्वारा लिखित 'सेतो धरती' उपन्यासमा प्रयुक्त अग्रभूमिनिर्माणअन्तर्गत रहेर भाषिक विचलनमा आधारित छ । अग्रभूमिनिर्माणका प्रमुख उपकरण समानान्तरता र विचलनमध्ये यहाँ विचलनको परिचय दिई सेतो धरती उपन्यासमा रहेको भाषिक विचलनको विश्लेषण गर्नु यस लेखको प्रमुख उद्देश्य हो । पुस्तकालयीय अध्ययन विधिबाट तथ्य सङ्कलन गरी सेतो धरती उपन्यासलाई प्राथमिक स्रोत तथा सैद्धान्तिक पुस्तकहरूलाई द्वितीयक स्रोतका रूपमा लिइएको यस लेखमा वर्णनात्मक विधिको उपयोग भएको छ । विश्लेष्य उपन्यासमा मानक व्याकरणका मान्यतामा सीमित नबनी साहित्यिक कृतिलाई कलात्मक र सार्थक तुल्याउन शैलीविज्ञानमा स्थापित अग्रभूमि निर्माणका समानान्तर र विचलनअन्तर्गत विचलनको यथोचित उपयोग गरिएको पाइयो । उपन्यासमा प्रयुक्त भाषा पात्रानुकूल नै पाइन्छ । विश्लेष्य उपन्यासमा भाषिका, ध्वनि प्रक्रियात्मक, अर्थतात्त्विक, व्याकरणिक, पदक्रम र आदर विचलनमध्ये भाषिक विचलन अधिक रहेछ भन्ने देखियो जसले उपन्यास थप कलात्मक बनेको छ । साहित्यको समालोचनामा भाषिक विचलनको यो विश्लेषण एउटा नवीन आयाम हुन सक्ने अपेक्षा गरिएको छ ।*

**मुख्य शब्दावली** : अग्रभूमिनिर्माण, अर्थतात्त्विक विचलन, पदक्रम विचलन, भाषिका विचलन, समानान्तरता ।

## परिचय

साहित्य समाजको ऐना हो । साहित्यिक कृतिमा प्रयोग हुने भाषा मानक भाषाबाट पर रहेर समाज सापेक्ष भाषाको प्रयोग गरिन्छ । कृतिको ओज विशेष आकर्षण वा प्रभाव स्थापना गर्नका लागि

* श्री मुक्तिकला लामिछाने आदर्श बहुमुखी क्याम्पसकी क्याम्पस प्रमुख हुनुहुन्छ। इमेल : lcsaru92@gmail.com

भाषाकै महत्ता उच्च हुने गर्दछ। सामान्य भाषाको व्याकरण भएजस्तै आख्यानको भाषाको पनि आफ्नो व्याकरण हुन्छ जसमा व्याकरणिक कोटिहरू सामान्य भाषाकै सदृशतामा काम गर्न बाध्य हुँदैनन् (नेपाल, सन् २००५, पृ. १३७)। स्रष्टाले कृतिमा विशेष प्रकारका भाषिक उपकरणको उपयोग गरी प्रस्तुतिलाई कलात्मक बनाएका हुन्छन्। भाषिक प्रस्तुतिका विशेष उपकरणमा समानान्तरता र विचलनले विशेष महत्त्व राख्छन्। अग्रभूमिनिर्माणअन्तर्गत रहने समानान्तरताले कुनै पनि साहित्यिक कृतिको भाषा प्रयोगमा गरिने नियमित आवृत्तिलाई जनाउँछ जसको प्रयोग निरुद्देश्य नभएर सोद्देश्य गरिन्छ। विचलन अनियमितता हो भने समानान्तरता नियमितता हो। त्यस्तै प्रचलित ढाँचालाई उलटपुलट पारेर सौन्दर्य प्रदान गर्ने कार्यलाई विचलन भनिन्छ। सामान्य नियमलाई भङ्ग गरी मानकको अतिक्रमण गर्नु विचलन हो। यो पनि उद्देश्यपूर्ण ढङ्गले अभिव्यक्तिको ध्यानाकर्षणको लागि प्रचलित पथ वा संरचनालाई उल्लङ्घन गर्ने गरिन्छ (भण्डारी र घिमिरे र नेपाल, २०६८)। रचनाकारले परम्परित व्याकरणिक नियमको परिपालन नगरी विचलनयुक्त भाषाका माध्यमबाट पनि आफ्नो लेखकीय पहिचान स्थापित गरेका हुन्छन्।

सामान्यतया दैनिक आवश्यकता परिपूर्तिमा प्रयोग गरिने भाषामा सामान्य अनुभव र अभिव्यक्तिको सामर्थ्य हुन्छ भने काव्यीय भाषाले विशिष्ट अनुभव प्रदान गराउँछ। विचलनमा सामान्य भाषाको नियम, बन्धन अथवा पथ छाडेर साहित्यिक भाषाको विशिष्ट रूप प्रस्तुत भएको हुन्छ। सामान्य भाषाका दाँजोमा काव्यिक भाषामा विचलनको तीव्रता अत्यधिक हुन्छ। प्रचलित पथ वा मानक प्रयोगलाई उल्लङ्घन गर्ने हुँदा यसलाई विचलन भन्ने गरेको पाइन्छ। स्रष्टाले आफ्ना भावनात्मक अनुभूतिको प्रस्तुतिमा परम्परित भाषिक व्यवस्थाको उल्लङ्घन गरी अभिव्यक्तिलाई चामत्कारिक शिल्पद्वारा आकर्षक तुल्याउँछ। भाषिक विचलन अन्य विधाका तुलनामा कविता विधामा बढी उपयोग गरिन्छ (खनाल, २०७८)। कृतिमा सिर्जना गरिएको विशेष आकर्षण नै अग्रभूमिनिर्माण हो। कृतिको भाषिक पक्षका माध्यमबाट अभिव्यक्त सौन्दर्य नै हो। यसको सैद्धान्तिक पर्याधार संरचनावादी भाषाशास्त्र तथा शैलीवैज्ञानिक समालोचनामा आधारित छ। यो अध्ययन मूलतः अग्रभूमिनिर्माणअन्तर्गत रहेको समानान्तरता र विचलनमा विचलनलाई प्रमुख युक्ति बनाई *सेतो धरती* उपन्यासमा प्रयुक्त अग्रभूमिनिर्माणको विश्लेषणमा केन्द्रित छ। यस लेखका माध्यमबाट कृतिमा रहेका भाषिक सौन्दर्यको खोजी गरिएको र कृतिको प्रभावपरकताको पनि विश्लेषण गरिएको हुँदा शैलीविज्ञानसँग सरोकार राख्ने अध्येता एवम् विश्लेषकलाई पनि उपयोगी हुने अपेक्षा गरिएको छ।

## उद्देश्य

प्रस्तुत लेखको मूल उद्देश्य भाषिक विचलनका आधारमा *सेतो धरती* उपन्यासको विश्लेषण गर्नु रहेको छ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेखमा वर्णनात्मक विधिको प्रयोग गरिएको छ। पुस्तकालयीय अध्ययन प्रक्रियाबाट सामग्री सङ्कलन गरी *सेतो धरती* उपन्यासलाई प्राथमिक सामग्री तथा सम्बन्धित सैद्धान्तिक ग्रन्थहरूलाई

द्वितीयक सामग्रीका रूपमा उपयोग गरी प्रस्तुत गरिएको छ । यस अध्ययनमा विशेषतः सैद्धान्तिक ग्रन्थहरूको अध्ययन गरी शैलीविज्ञानभित्र पर्ने अग्रभूमिनिर्माणका प्रमुख उपकरण समानान्तरता र विचलनअन्तर्गत विचलनका प्रकारहरू भाषिका, ध्वनिप्रक्रियात्मक, अर्थतात्त्विक, व्याकरण, पदक्रम र आदर विचलनको सैद्धान्तिक स्वरूप निरूपण गरिएको छ । त्यसपश्चात् उक्त मान्यताका आधारमा *सेतो धरती* उपन्यासमा प्रयोग गरिएका भाषिक विचलनको खोजी गरी तिनको तथ्यपरक विश्लेषण गरिएको छ ।

## विचलन

भाषा अभिव्यक्तिको ढङ्ग, ढाँचा वा तरिका र शैली विभिन्न प्रकारको हुन्छ । स्रष्टाले पाठकको मनोभावनालाई बुझेर भाषिक शैलीका समानान्तरता र विचलन जस्ता उपकरणको उपयोग गरेका हुन्छन् । विचलनयुक्त भाषिक अभिव्यक्तिले साहित्यलाई सुन्दर, कलात्मक र जीवन्त तुल्याइदिन्छ । त्यस्तो विशेष शैलीको विश्लेषण गर्ने काम शैलीविज्ञानले गर्छ । पूर्वीय अध्ययन परम्पराको सर्वप्राचीन ग्रन्थ ऋग्वेदमा रचनाकार, हृदय र कृतिको संरचना तीनवटै पक्षलाई प्रमुख मानेर शैलीको चर्चा गरिएको पाइन्छ । संस्कृतमा अलङ्कार, रीति, वक्रोक्ति, तथा ध्वनि आदि सिद्धान्त शैलीविज्ञानसित केही न केही मिल्न आउने सिद्धान्तहरू हुन् (गौतम, २०५९, पृ. २८४) । शैलीविज्ञान पाठमा प्रस्तुत औपचारिक तथा मानक ढाँचाको विश्लेषणमा केन्द्रित नभई पाठमा प्रस्तुत प्रकार्यात्मक सान्दर्भिकताका लागि उपयोग गरिने भाषिक चातुर्यको विश्लेषणमा केन्द्रित हुन्छ (वेल्स, सन् २००१, पृ. ३७३) । प्रस्तुतिको शैली व्यक्तिको विचार, भावना तथा क्षमतामा आधारित हुन्छ । जुन लेखकको व्यक्तित्व जस्तो हुन्छ, त्यसको शैली पनि उस्तै हुन्छ (बराल, २०५६, पृ. ७२) । स्रष्टाका पद-पद र वाक्य-वाक्य उसको हृदय या मस्तिष्कको छाप बन्न जान्छ (श्रेष्ठ, २०७८, पृ. १२४) । शैलीविज्ञानले भाषाविज्ञानको भाषाशास्त्रीय अनुप्रयोगको एकोहोरो दबदबालाई क्रमशः कम गरी प्रतीकविज्ञान र अर्थविज्ञानका साथै कलाशास्त्र र साहित्यशास्त्र एवम् नवविधाचिन्तनका साहित्य शैलीविज्ञानसँग अधिकाधिक सहअस्तित्व कायम गरी आफैँ स्वायत्त वैज्ञानिक समालोचना पद्धति बन्न पुगिरहेको दाबी गरिरहेको कुरा उल्लेख्य छ भने अर्कोतर्फ संरचनावादले चाहिँ संरचनावादी भाषाविज्ञानका सामान्य धरातलमा टेकेर पनि साहित्यिक विधातत्त्वका नवधर्मका उद्घाटनतर्फ पनि गहिरो चासो देखाई कृतिका भाषिक र विधागत सहसंरचनाको उत्खनन् र नवसन्धानतर्फ नितान्त नौलो सैद्धान्तिक सचेतना देखाइरहेको पाइन्छ (त्रिपाठी, २०५८, पृ. ५१५) । शैलीविज्ञानले भाषाको कलात्मक प्रकार्यका बारेमा विश्लेषण गर्छ (लिच र सर्ट, सन् १९९५, पृ. १३) । कुनै पनि भाषामा एउटा भावविशेषलाई अभिव्यक्ति दिनका लागि विभिन्न भाषिक सम्भावना र विकल्पहरू हुन्छन् । त्यस्ता विकल्पको प्रयोग सामान्य प्रयोक्ताले भन्दा साहित्यकारले अधिक चमत्कारपूर्ण र सार्थक रूपमा गरेर आफ्नो साहित्यिक शैलीको निर्माण गर्दछ (नेपाल, सन् २००९, पृ. १४५) । यसर्थ शैलीविज्ञान सबै प्रकृतिका रचनामा स्रष्टाले उपयोग गरेको भाषाको विशिष्ट ढाँचा तथा शैलीको विश्लेषणमा केन्द्रित हुन्छ ।

चलनचल्ती, मानक र नमुनाबाट हट्नु नै विचलन हो । मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ (शर्मा, २०५९) । समानान्तरताको विपरीत उपकरणका रूपमा यसलाई स्वीकारिएको छ । विचलन भनेकै अनियमितता हो । अनियमितता भन्नाले शैली वैज्ञानिक आधारमा निरर्थक स्वरूपको भन्ने बुझ्नु हुँदैन किनकि सार्थक विचलनबाट नै अग्रभूमिको निर्माण हुन सक्दछ । काव्यिक तथा साहित्यिक सिर्जनाहरूमा विचलनयुक्त भाषिक प्रयोगले लक्ष्यार्थ तथा व्यङ्ग्यार्थ प्रस्तुत गर्नाका साथै त्यसमा श्रुतिमाधुर्य, आह्लादकर भावमयताको प्रभावकारी स्वरूप निष्पादन गरिएको हुन्छ (खनाल, २०६८,पृ. १३) । मानकको निर्क्यौल र त्यसबाट हुने विचलनका प्रक्रियालाई निर्धारित गर्ने कार्य कठिन, अमूर्त र विवादास्पद छ । भाषाको मानक रूप स्वयम्मा नै विचलनशील र परिवर्तनशील छ । परन्तु कुनै पनि भाषाको वर्तमान स्वरूप तथा व्याकरणिक संरचनाको सूक्ष्म र वस्तुपरक अवलोकनबाट काव्य भाषाको विचलनको प्रक्रियालाई स्पष्ट ढङ्गले अनुशीलन गर्न सकिन्छ । विचलनयुक्त साहित्यिक भाषाले कृतिलाई गम्भीर, प्रभावशाली र विशिष्ट तुल्याउँछ । सामान्यतयाः ध्वनि विचलन, सर्वनाम विचलन, विशेषण विचलन, क्रिया विचलन, लिङ्ग विचलन, कारक विचलन, अर्थविचलन, उखान र टुक्का विचलन आदि विचलनको उल्लेख भेटिन्छ । तापनि, कोशीय विचलन, भाषिकागत विचलन आदि भेदको पनि उत्तिकै महत्त्वपूर्ण स्थान रहेको देखिन्छ (बस्याल, २०६६, पृ. १०३-०५) ।

सामान्यतया भाषाको बन्धन, चलन वा पथलाई छोडी नयाँ अनुसरण गर्नु विचलन हो । पश्चिममा 'पोयटिक लाइसेन्स' कविले पाएको छुट अथवा संस्कृतको प्रसिद्ध कथन 'निरङ्कुशः कवय' 'कवि निरङ्कुश हुन्छ' ले विचलनलाई सङ्केत गरेका छन् । भारतीय काव्यशास्त्रको वक्रोक्ति सम्प्रदाय पनि यही हो (तिवारी, सन् १९७१, पृ. ३९-५४) । पश्चिमी सौन्दर्यशास्त्र तथा शैलीविज्ञानमा बहुप्रयुक्त फोरग्राउन्डिङ (अग्रभूमि) शब्दले पनि यसलाई सङ्केत गर्दछ । समग्रमा भन्नुपर्दा साहित्यिक सिर्जनाहरूमा भाषिक प्रयोगले लक्ष्यार्थ तथा व्यङ्ग्यार्थ प्रस्तुत गरेको हुन्छ । विचलनका केही प्रकार निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**(क) कोशीय विचलन**

शब्दकोशमा समावेश नभएका शब्दहरू स्रष्टा आफैँले निर्माण गर्ने वा परम्परामा रहेका शब्दलाई नयाँपन साथ उपस्थित गराएर आफ्नो अभिव्यक्तिलाई मूर्त र प्रभावकारी बनाउनका लागि प्रस्तुत गरिने शब्दहरू कोशीय विचलनयुक्त शब्दहरू हुन् (खनाल, २०६८, पृ.१४) । शब्द निर्माणमा मानक प्रक्रियाहरूको अतिक्रमण गरी सोद्देश्यमूलक ढङ्गले नव शब्द बनाउने कामलाई कोशीय विचलन भनिन्छ । यस्तो विचलनले काव्य सौन्दर्यको सिर्जना गर्छ र अभिव्यक्तिगत निजत्व देखाउँछ (बस्याल, २०६६, पृ. १०४) । साहित्य रचनाका क्रममा स्रष्टाले मानक शब्दको मात्र प्रयोग नगरी सुन्दर अभिव्यक्ति प्रस्तुत गर्नका लागि नयाँ शब्दको निर्माण गर्ने गर्दछ । यस अवस्थामा शब्द विचलनको स्थिति देखा पर्दछ । यसरी नयाँ शब्दको निर्माण नै कोशीय विचलन हो (शर्मा, २०५९, पृ. २१) । अन्त कतै र कसैले प्रयोग नगरेका वा सामान्य भाषिक प्रयोगमा नआएका शब्दहरूको रचना स्रष्टा स्वयम्ले नै अभिव्यक्तिमा आउने सङ्कट टार्नका लागि गर्दछन् । उदाहरणका लागि चक्रेटो, फुलारु,

अक्तजन, नक्तजन, मान्द्रिलो, गोबरी, चिथोरेसन, युरेसिया आदि निर्मित र नवीन शब्द हुन् (ढकाल, २०६७/०६८ पृ. ५१) । यस्ता शब्दले कोशीय विचलनलाई देखाउँछन् ।

**(ख) व्याकरणिक विचलन**

प्रत्येक भाषाको आफ्नै स्वरूप र संरचनाअनुसार निश्चित व्याकरणिक व्यवस्था हुन्छ । साहित्यमा प्रस्तुत हुँदा सर्जकले सदैव आफ्नो निश्चित भाषा व्याकरणिक व्यवस्थामा मात्र सीमित हुन चाहँदैन र सक्दैन । त्यसो हुनाले स्रष्टाले आफ्नो विशिष्ट भाषिक अभिव्यक्तिका क्रममा लिङ्ग, वचन, पुरुष, भाव, पक्ष, वाच्य जस्ता व्याकरणात्मक कोटी र वाक्य, उपवाक्य, पद सङ्गति, पदक्रम (रूपदेखि वाक्यसम्म) आदि एकाइहरूको नियमितता र नियमसम्मत् व्यवस्थामाथि अतिक्रमण गर्दछ । वास्तवमा यही अतिक्रमण नै व्याकरणिक विचलन हो (खनाल, २०६८, पृ. १४) । अभिव्यक्तिमा विशेष बल प्रदान गर्ने उद्देश्यले विभिन्न भाषिक एकाइलाई भाँचकुच, तोडमोड र जोडजाड गरी शैल्पिक चमत्कार सिर्जना गर्ने प्रयास गरिएको पनि पाइन्छ । जुनसुकै ढङ्गले गरिएको भए पनि सार्थक विचलनले साहित्यलाई विशिष्ट र जीवन्त तुल्याउँछ (लुइटेल, २०६२ पृ.८४) । अनुभूतिलाई गतिशील तुल्याउन, विभिन्न अलङ्कृत अभिव्यक्तिद्वारा सौन्दर्यबोध गराउन संरचनात्मक एवम् कथ्य ढाँचालाई निजत्व प्रदान गर्न सर्जकहरूले व्याकरणिक विचलनको व्यापक सहायता लिएको देखिन्छ ।

**(ग) अर्थतात्त्विक विचलन**

अभिधा अर्थमा मात्र सीमित रहेर साहित्यले उच्चता हासिल गर्न सक्दैन । त्यसैले अभिधाभन्दा भिन्न विशिष्ट अर्थ व्यञ्जित हुनु नै अर्थतात्त्विक विचलन हो । कथनको अभिधेयार्थ वा वाच्यार्थमा देखा पर्ने विचलनलाई आर्थी विचलन भनिन्छ । काव्याभिव्यक्तिले वाच्यार्थभन्दा लक्ष्यार्थ र व्यङ्ग्यार्थलाई वरण गर्दा त्यसको अर्थतात्त्विक शक्ति निकै नै मजुबत हुन्छ (बस्याल, २०६६, पृ. ११३) । साहित्यिक भाषाका नाम विचलन, क्रिया विचलन, विशेषण विचलन जति पनि उदाहरणहरू छन् ती सबैमा अर्थ विचलन पनि रहन्छ (तिवारी, सन् १९७७, पृ. ६२) । दैनिक जीवनमा कोशीय अर्थको सन्दर्भबाट विभिन्न शब्दहरू प्रयुक्त हुन्छन् । कोशीय अर्थबाट मात्रै अभिव्यक्त गर्न नसकिने परिस्थितिमा लक्षणात्मक एवम् व्यञ्जनात्मक अभिव्यक्तिका लागि त्यही शब्दलाई भिन्न अर्थमा प्रयोग गरिन्छ । जस्तै : आज त हिमाल मुसुक्क हाँस्यो । मुटुमाथि ढुङ्गा राखी हाँस्नु पर्‍या छ । हामी दुःखीका दुःखले प्रकृति अबिरल रोइरहेछ जस्ता अवचेतन वस्तु वा प्रकृतिलाई चेतना र संवेदनशील जीवनका रूपमा चित्रण गर्दा सर्जकले अर्थतात्त्विक विचलनको उपयोग गरेको देखिन्छ (ढकाल, २०६७/६८, पृ. ५२) । यसरी अर्थमा विचलन हुनु नै अर्थतात्त्विक विचलन हो जसले काव्यात्मक सौन्दर्य बढाउँछ ।

**(घ) भाषिका विचलन**

भाषाको स्थानीय र सामाजिक भेदलाई भाषिका भनिन्छ । साहित्यकारले आफ्नो सिर्जनालाई विशिष्ट तथा आकर्षक बनाउन भाषिका तथा उपभाषिकाका शब्दहरू समावेश गरेको हुन्छ । त्यसलाई नै भाषिका विचलन भनिन्छ । क्षेत्रीय वा सामाजिक विभेदका अभिलक्षणाहरूलाई आवश्यकतानुसार

प्रयोग गरी मानक रूपबाट विचलन पैदा गराउनुलाई भाषिकागत विचलन भनिन्छ । आख्यानात्मक विधामा पात्रलाई जीवन्त, स्वाभाविक र विश्वसनीय बनाउन उसको बोलीमा यस्तो विशेषता उत्पन्न गराइन्छ (बस्याल, २०६६, पृष्ठ १०६) । यस्तो स्थितिमा उसले भाषाको मानक शब्दलाई छोडी अमानक शब्दको शरण लिनु पर्दछ, यसैलाई लोक प्रचलित स्थानीयता तथा क्षेत्रीयता चिनाउने शब्दलाई स्थान दिई आञ्चलिक रचनामा स्थान विशेषका समस्या, परिवेश एवम् बोलीलाई जीवन्तता दिने उद्देश्यले विचलन गरेको पाइन्छ । भाषिकागत विचलनको प्रयोग उद्देश्यपूर्ण र सार्थक रूपमा गर्दा कृति विशिष्ट हुन पुग्दछ । जस्तै : ओलन-दुध, खाजा-अर्नी, नाङ्लो, सुपो आदि जस्ता भाषिक विचलनले स्थानीयता, क्षेत्रीयता वा आञ्चलिकताको सिर्जनामा विशेष महत्त्व राख्दछ ।

### (ङ) प्रयुक्ति विचलन

काव्यात्मक अभिव्यक्तिका क्रममा स्रष्टाहरूले आफ्नो रुचि, सन्दर्भ, परिवेश, विषय आदिका लागि उपयुक्त हुने विभिन्न विषय क्षेत्रका शब्द र अभिव्यक्ति ढाँचाहरूको प्रयोग गर्दछन् । कुनै खास विषय क्षेत्रको भाषालाई अन्य क्षेत्रमा लगी त्यसको युक्तिपूर्ण र प्रभावकारी प्रयोगलाई प्रयुक्ति विचलन भनिन्छ (बस्याल, २०६६, पृ. १०७) ।

### (च) लेख्यप्रक्रियात्मक विचलन

स्रष्टाले आफ्नो भावाभिव्यक्तिलाई विशिष्ट ढङ्गबाट प्रस्तुत गर्न शब्दबाट मात्र सम्भव नदेखी विशेष प्रकारका चिह्नहरूको प्रयोग अथवा मानक लेखाइभन्दा फरक ढाँचामा लेखेको स्थितिलाई लेख्यप्रक्रियात्मक विचलन भनिन्छ । नेपाली भाषाको लेख्यप्रक्रियामा देवनागरी लिपिको माध्यमबाट शब्द र वाक्यको सुनिश्चित आलेख गरिन्छ तर यस नियमको अतिक्रमण गरी शब्द र वाक्यको अनियमित विन्यासद्वारा भाँचेर तोडमोड गरेर टुक्राएर भाषिक कलाको अनौठो रुप प्रस्तुत गरिन्छ । यो डिको तलमाथि गरी प्रस्तुत गर्छ भने त्यो पनि लेख्यप्रक्रियात्मक विचलन हो । जस्तै :

घ रा म्रो भएर के गर्नु प रि वारमा मा या म म ता न भ प छी ।

## परिणाम र विश्लेषण

नेपाली उपन्यास क्षेत्रलाई थप उचाइमा पुऱ्याउने उपन्यासकार अमर न्यौपानेले आफ्नो उपन्यासमा प्रायः कथानक तथा प्रस्तुतिमा विविधता ल्याएको पाइन्छ । उनका उपन्यासले समाजका विविध पक्षहरूलाई कलात्मक किसिमले समेटेको पाइन्छ । यहाँ न्यौपानेको वि.सं. २०६८ सालमा मदन पुरस्कार प्राप्त *'सेतो धरती'* उपन्यासमा प्रयुक्त भाषिक विचलनको खोजी गरी देहायका उपशीर्षकअन्तर्गत विश्लेषण गरिएको छ ।

### भाषिका विचलन

कुनै पनि स्रष्टाले आफ्ना उपन्यासलाई सार्थक तुल्याउनका लागि भाषिका विचलन गराउँछन् । मानक शब्दलाई छाडेर लोक प्रचलित स्थानीयता तथा क्षेत्रीयता चिनाउने शब्दलाई स्थान दिई

आञ्चलिक रचनामा स्थान विशेषका समस्या, परिवेश एवम् बोलीलाई जीवन्तता दिने उद्देश्यले विचलन गरेको पाइन्छ । रचनाकारले आफ्नो रचनामा भाषिकागत विचलनको प्रयोग उद्देश्यपूर्ण र सार्थक रूपमा गर्दा कृति विशिष्ट हुन पुग्दछ । *सेतो धरती* उपन्यासमा प्रयुक्त शब्दगत, कथ्यगत भाषिक विचलनलाई यसरी विश्लेषण गरिएको छ, जस्तै :

- छोरीहरूबाट कत्तिको **सन्तोक** हुन्च त पन्नि्तजी (पृ. ११) ?
- बिआअर्नि बेला **भच** नि यस्को त ! **अर्दिन** परो अब (पृ. १७)
- दिदी हामरा **घराँ क्यार्न** लाका (पृ. २६) ।
- भगमान् किस्नको त  मेरी आमाले पूजा **अर्नुउन्च** । इनी त कि किस्न अस्ता छैनन् । के मेरी आमाले इनकै पूजा अर्नुउन्च (पृ. ५६) ?
- पछिपछि अरू दुई आइमाई र फुपूसासू बाल्टी, **ओम्खरा**, सोता कपडा पनि लिएर आउँदै छन् (पृ. ८८) ।
- आआफ्नो प्रारब्धाँ जो लेख्यो छ, तो **भोउनै पर्च** सप्पैले बाबै (पृ. १०२)
- हाँस्ता आवाज ननिकाली हाँसेस् । किनभने, तेरो हाँसो सारे मयावी छ **लोउनी मुन्छे**लाई **मुहुनी** लाउनी खाल्की छ (पृ. १५१) ।
- म जआजाँ चढ्दा त जआजको नि साइत **बिउरिन्च** कि भन्नी डर लाम्च मलाई त (पृ. २२७) !
- कसैले **सम्जार** कोइ सम्जिन सौतैन । तिन्ले आफ्नो  मन आफै सम्जाम्चन् (पृ. २९३) ।
- काँ सिकिन् होलाई **बेबारका** कुरा ? अइले त यस्ती छन् **उमेराँ** अझई कस्ती थिइन होला (पृ.३१७)
- अपवित्र काम गरेर ल्याएको रुपैयाँ पवित्र आश्रमलाई दिएर आश्रम नै **बिटुलो** बनाइदिई (पृ. ३४६) ।
- आफै रित्तिएर, **खुइलिएर** उमेर र समयको ताप र राफले उडाएर लैजाने जीवनका रङहरूलाई उनले कति कुशलतापूर्वक उपयोग जानेकी (पृ.३५२) ।

*सेतो धरती* उपन्यासमा प्रयुक्त भाषा कास्की जिल्लाको स्थानीय भाषिक भेदमा केन्द्रित भएर लेखिएको छ । माथि प्रयुक्त गाढा अक्षरमा लेखिएका शब्दको मानक उच्चारण सन्तोष हुनुपर्नेमा **सन्तोक** पण्डित जी हुनुपर्नेमा पन्नितजी, विवाह गर्ने हुनुपर्नेमा **बिआअर्नि**, भएछ हुनुपर्नेमा **भच** गर्दिन हुनुपर्नेमा **अर्दिन,** घरमा हुनुपर्नेमा **घराँ**, गर्नुहुन्छ हुनुपर्नेमा **अर्नुउन्च** बनाएर भाषिका विचलन गराइएको छ । त्यस्तै गरी भोग्नै पर्छ हुनुपर्नेमा **भोउनै पर्च**, सबैले हुनुपर्नेमा **सप्पैले**, लोग्ने मानिस हुनुपर्नेमा **लोउनी मुन्छे**, मोहोनी हुनुपर्नेमा **मुहुनी,** बिग्रिन्छ हुनुपर्नेमा **बिउरिन्च,** सम्झाएर हुनुपर्नेमा **सम्जार**, व्यवहारका हुनुपर्नेमा **बेबारका,** उमेरमा हुनुपर्नेमा **उमेराँ,** जुठो हुनुपर्नेमा **बिटुलो** शब्दको प्रयोग गरी उपन्यासको भाषामा मौलिकता सृजना गरेको देखिन्छ । साथै रङ उडेको हुनपर्नेमा **खुइलिएर** जस्ता भाषिक विचलनको प्रयोग गरेको देखिन्छ ।

यसरी हेर्दा उपर्युक्त उदाहरणद्वारा उपन्यासमा रहेको भाषिक विचलनलाई सङ्क्षिप्त रूपमा दिग्दर्शन गर्न सकिन्छ। मूलतः पश्चिमाञ्चल क्षेत्रको पहाडी भूभागमा बोलिने भाषिका, उपभाषिका र सामाजिक भेदका आंशिक विशेषताहरूको उपयोग उपन्यासमा गरिएको पाइन्छ। भाषिका विचलनमार्फत स्थानीय मौलिक कथ्य भाषाको प्रयोगले पात्रहरूलाई उच्चारणमा सहज बनाएर सुरम्य बनाएको छ भने यसले उपन्यासलाई प्रभावकारी र स्वाभाविक तुल्याएको छ। संवादलाई अनौपचारिक र प्रभावशाली पनि बनाएको देखिन्छ।

**ध्वनि प्रक्रियात्मक विचलन**

स्रष्टाले आफ्नो साहित्यमा पारदर्शिता र रोचकता ल्याउनका लागि भाषाका विभिन्न पक्षमा विचलनको सिर्जना गर्दछ। भाषाको खास एकाइ उच्चारण गर्दा ध्वनिको आगम र लोप मानक रूपबाट स्पष्ट रूपमा छुट्याउन सकिने भिन्नता ध्वनि प्रक्रियात्मक विचलनमा पाइन्छ। *सेतो धरती* उपन्यासमा रहेका केही ध्वनि प्रक्रियात्मक विचलनको प्रतिनिधि नमुनाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- कति कराउन पर्दो रच यल्लाई ! तैँले **पकाको** पो खाछु (पृ. १४)।
- वाँ तिम्री सासू आमा हुनुउन्च। यो **रुपिआँ** राखेर ढोग (पृ. ४७)।
- **पर्‌तेक** पाइलाँ लिन्चन् नि नानी (पृ. १६०)।
- **परिच्छ्या** त सदैँ लिइरहन्छन् नि, बाँचुन्जेलसम्म (पृ. १६१)।
- दिदीलाई तेसो नअर्नुस। उनलाई नि तपैँले **पिरिम** अर्नुपर्छ (पृ. १८७)।
- स्यानो भाइलाई जाउलो पकार **खुवाम्नु**होला है ( पृ. २१५)।
- हेरिरसि आफैँ चिनिन्चन **अच्छेर,** एकपटक देखेको मुन्छे फेरि देख्दा चिने अस्तै (पृ. १३०)।

यस उपन्यासभित्र ध्वनि प्रक्रियात्मक विचलनलाई नियाल्ने क्रममा केही स्वाभाविक तथा केही अनौठा किसिमको दृष्टान्तहरू प्रशस्त मात्रामा रहेका देखिन्छन्। पकाको, रुपिआँ, पर्‌तेक, परिच्छ्या, पिरिम, खुवाम्नु, अच्छेर आदि जस्ता शब्दमा ध्वनि प्रक्रियात्मक विचलन पाइन्छ। जुन तथ्यको स्पष्टीकरण निम्नानुसार गर्न सकिन्छ :

| **क.सं.** | **ध्वनि प्रक्रियात्मक विचलन** | **मानक स्वरूप (ध्वनि)** |
|---|---|---|
| १. | पकाको (प्+अ+क्+आ+क्+ओ) | पकाएको (प्+अ+क्+आ+ए+क्+ओ) |
| २. | रुपिआँ (र्+उ+प्+इ+आँ) | रुपैयाँ (र्+उ+प्+अ+इ+य्+आँ) |
| ३. | पर्‌तेक (प्+अ+र्+त्+ए+क्) | प्रत्येक (प्+र्+अ+त्+य्+ए+क्) |
| ४. | परिच्छ्या (प्+अ+र्+इ+च्+छ्+आ) | परीक्षा (प्+अ+र्+इ+क्+स्+य्+आ) |
| ५. | पिरिम (प्+इ+र्+इ+म्) | प्रेम (प्+र्+ए+म्) |
| ६. | खुवाम्नु (ख्+उ+व्+आ+म्+न्+उ) | खुवाउन (ख्+उ+व्+आ+उ+न्+अ) |
| ७. | अच्छेर (अ+च्+छ्+ए+र्) | अक्षर (अ+क्+ष्+अ+र्) |

उपर्युक्त तथ्यानुसार कतै स्वाभाविक र कतै अनौठा प्रकारका ध्वनि प्रक्रियात्मक विचलन देखिन्छ। अकारीभवन, उकारीभवन, इकारीभवन, ध्वनिआगम, ध्वनिलोप आदि विविध ध्वनि प्रक्रियात्मक विचलनको अवस्थाले *सेतो धरती* उपन्यासमा अभिव्यक्तिगत सौन्दर्य, आकर्षण र परिवेशीय स्वाभाविकता सिर्जना भएको छ।

**व्याकरणिक विचलन**

स्रष्टाले कुनै पनि साहित्यिक कृति सिर्जना गर्ने क्रममा भाषाको व्याकरणिक नियमलाई भाँचभुँच, तोडमोड र जोडजाड गरी नयाँ सिल्प संरचनाको चमत्कारपूर्ण भाषाको प्रयोग गर्छन्। व्याकरणिक विचलनअन्तर्गत पदक्रम र आदर विचलन पनि पर्दछ।

***पदक्रम विचलन***

भाषामा रहेका पदहरूको अनुक्रम (कर्ता + कर्म + क्रियापद) व्याकरणिक नियमानुसार नमिलेर रहनु नै पदक्रम विचलन हो। नेपाली व्याकरणमा पदक्रमको आफ्नै व्यवस्था रहेको छ। कर्ता + कर्म+क्रिया, विशेषण र विशेष्य, क्रियाविशेषण र क्रिया आदि यसको केही उदाहरणहरू हुन्। *सेतो धरती* उपन्यासमा रहेका केही पदक्रम विचलनको नमुनालाई प्रतिनिधिमूलक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. सन्दर्भ र स्रोतहरू | रूपान्तरिक मानक अनुक्रम |
|---|---|
| १. थाह छैन मलाई म जन्मिएको बाटो (पृ, २) | म जन्मिएको बाटो मलाई थाहा छैन। |
| २. एउटा सेतो फूल फुलिरेको छ भन्ने चाहिँ थाहा थिएन आमालाई (पृ. ३) | आमालाई एउटा सेतो फूल फुलिरहेको छ भन्ने थाहा थिएन। |
| ३. मध्यरातमा रोएर मैले कत्तिलाई व्यूँझाएछु (पृ. ६) | मैले मध्यरातमा रोएर कत्तिलाई ब्युँझाएँछु। |
| ४. आमाबाट धेरै कुरा थाहा पाएँ मैले आफ्नो बारेमा (पृ. ९) | मैले आफ्नो बारेमा आमाबाट धेरै कुरा थाहा पाएँ। |
| ५. बिहेको भोलिपल्ट म देवघाट फर्किन तयारिएँ, उनीहरूले आउनै दिँनन् (पृ. ३१८) । | म बिहेको भोलिपल्ट देवघाट फर्किन तयारिएँ, उनीहरूले आउनै दिएनन्। |
| ६. यसरी म फिल्म हेर्न ती दिदीको लुगा लगाएर धेरै पटक गए (पृ. ३३०)। | म यसरी ती दिदीको लुगा लगाएर धेरै पटक फिल्म हेर्न गएँ। |
| ७. पुरुषको स्पर्शसँग सधैँ डराइरहेँ, भागिरहेँ म (पृ. ३४७)। | म पुरुषको स्पर्शसँग सधैभरि डराइरहेँ, भागिरहेँ |

***आदर विचलन***

आफूसमान, आफूभन्दा ठुला, मान्यजन आदिलाई गर्ने सद्भावलाई आदर भनिन्छ। आदर वा सम्मान प्रकट गर्ने पद वा वाक्यलाई आदरार्थी भनिन्छ। यो मूलतः नाम, सर्वनाम, क्रियापदबाट अभिव्यक्त

हुन्छ । नाम वा सर्वनामको कर्तानुसार क्रियापदको उचित प्रयोग नभएको अवस्थामा आदर विचलन पैदा हुने गर्दछ । सर्जकले साहित्यलाई उत्कृष्टता दिन यस प्रकारको आदरमा विचलन ल्याउँछन् । उपन्यासकार अमर न्यौपानेको *सेतो धरती* उपन्यासमा रहेका केही आदर विचलनका नमुनाहरू निम्नानुसार रहेका छन् :

१. त्यही बेलामा सासू आइन् । उनको कुरा सुनेकी रहिछन् क्यारे (पृ. १७९) ।
यहाँ 'सासू' उच्च आदरार्थी शब्दका लागि 'सासू आइन्' मध्यम अनादरवाची क्रियापदको प्रयोग गरी आदर विचलन गरिएको छ ।

२. म अभावको लिष्ट बनाइदिन्थेँ । उनी दिक्क मान्दै भन्थे 'अस्ति भखखर ल्याको चिनी यति चाँडै सकिन्च त' (पृ. २४१) ?
यहाँ आफ्ना (श्रीमान्) उहाँ आदरार्थी शब्दका लागि उनी, भन्थे जस्ता अनादरवाची क्रियापदको प्रयोग गरेर आदर विचलन गरिएको छ ।

३. 'आज तैँले खाममा पैसा होइन, प्रेम हालेकी रहिछेस् ! तेसैले आज म तँसँग सबैभन्दा बढी खुसी छु' (पृ. २९९)
यहाँ आज तिमीले खाममा पैसा होइन, प्रेम हालेकी रहिछौ भन्ने कुरा बनाउन खोजिएको भए तापनि तैँले, तँ जस्ता अनादरवाची क्रियापदको प्रयोग गरेर आदर विचलन पैदा गरिएको छ ।

४ 'आमाले पैसा द्या छ !' (पृ.१२५) ।'
'यहाँ आमाले पैसा दिनुभएको छ' भन्नु पर्नेमा यहाँ आमा उच्च आदरार्थी शब्दसँग 'द्या छ' अनादरवाची क्रियापदको प्रयोग गरिएको छ ।

### *अर्थतात्त्विक विचलन*

*सेतो धरती* उपन्यासभित्र रहेका अर्थतात्त्विक विचलनका प्रतिनिधिमूलक उदाहरणहरूलाई निम्नानुसार निरूपण गर्न सकिन्छ :

अर्थगत भूमिका

| | |
|---|---|
| सन्दर्भ र स्रोत | सबैभन्दा सजिलो नै गाह्रो भइदिन्छ । हरियो रुख सुक्छ । फुलिरहेको फूल झर्छ । सास फेराइको लामो अनुभवले पनि धोका दिन्छ (पृ. १) |
| अर्थगत भूमिका | मानिसको जीवन एउटा यस्तो चक्र हो, जुन पुनः फर्किएर त्यही स्थानमा रहन सक्दैन । आज प्राप्त गरेको कुरा भोलि गुम्न सक्छ । आजको खुसी भोलिको पीडा र आजको पीडा भोलिको दिनमा अप्रिय पनि हुन सक्छ । त्यसैले जीवनको यो चक्रमा सबैभन्दा सजिलो नै सबैभन्दा गाह्रो भइदिन्छ भन्ने कुरा अर्थतात्त्विक रूपमा व्यक्त गरिएको छ । |

| | |
|---|---|
| सन्दर्भ र स्रोत | गाईले लात्तो हानेको र सौतेनी सासूले हातले हानेको बराबर हुन्छ तर, सौतेनी सासूले हानेको पछिसम्म दुख्छ (पृ. १२२) । |
| अर्थगत भूमिका | जीवनमा कतिपय नाता सम्बन्ध तिता र खल्ला लाग्छन्, जसको व्यवहारसँग तुलना गरेर हेर्न मन लाग्छ तर पनि आफ्नैबाट पाएको पीडा अझ बढी दर्दनाक र भयानक हुन्छ भन्ने भावार्थ अभिव्यञ्जित गरिएको छ । |
| सन्दर्भ र स्रोत | म आगोको फिलिङ्गो भएर बाहिर निस्किएँ (पृ. १८४) |
| अर्थगत भूमिका | प्रेम यस्तो कुरा हो जसमा अदृश्य शक्ति लुकेर रहेको हुन्छ । जसले हिउँलाई पगाल्न र आगोलाई पनि निभाउन सक्छ । त्यसैले प्रेमपूर्ण सम्बन्धलाई जीवन्तता दिनका लागि आउने आवेगले कुनै पनि व्यक्तिलाई आगोको फिलिङ्गो बनाउँन सक्छ भन्ने भाव अभिव्यक्त गर्न खोजिएको छ । |
| सन्दर्भ र स्रोत | म दुःखहरूकी आमा हुँ (पृ. २२५) ! |
| अर्थगत भूमिका | यहाँ जसको जीवनमा दुःखबाहेक सुखको कुनै कल्पना हुन सक्दैन, त्यहाँ दुःखलाई नै जीवन साथी बनाएर बसेकी महिलाले सुखी सन्तानको जन्म दिन सक्दिन । त्यसकारण दुःख उसको श्रीमान् अनि दुःख नै उसका सन्तानहरू हुन्छन् । यी उपन्यासकी पात्र तारालाई दुःखीहरूकी आमाको रूपमा प्रस्तुत गरिएको छ । |
| सन्दर्भ र स्रोत | लाग्छ सबैभन्दा महान् तपस्वी, ज्ञानी भनेका यिनै रुखहरू हुन् । रुखहरूको ध्यान कसैले भङ्ग गर्न सक्दैन (पृ. २४९) । |
| अर्थगत भूमिका | संसारमा जतिसुकै महान् तपस्वी र ज्ञानी भनेर चिनाएका योगीहरू पनि काम क्रोध, लोभ, मोहबाट वञ्चित हुन सकेका छैनन् । जसको कारण उनीहरूको ध्यान क्षणभरमा नै भङ्ग भएर गएको छ तर प्रकृति भनेको त्यस्तो महान् तपस्वी हो जसको ध्यान सँसारको जुनसुकै शक्तिले पनि भङ्ग गर्न सकेको छैन । त्यसैले यहाँ मानिसको धैर्यतालाई रुखसँग तुलना गरी व्यञ्जनार्थ सङ्केत गरिएको छ । |

यसरी हेर्दा यस उपन्यासमा उपन्यासकार अमर न्यौपानेले अर्थतात्त्विक विचलनका माध्यमबाट मरुभूमि जस्तो निरस तथा अनुत्पादक विम्ब बोकेर बाँचेको एउटा जीवनलाई गार्हस्थ र आश्रमिक जीवनको तुलनात्मक अध्ययन गर्दै जीवनलाई जीवनबाट पन्छाएर होइन भोग गरेर नै राम्ररी बुझ्नुपर्छ र सकिन्छ पनि भन्ने लक्ष्यार्थ तथा व्यङ्ग्यार्थको रूपमा विभिन्न विषय प्रसङ्ग जोडेर आर्थी विचलन गरेको देखिन्छ ।

## निष्कर्ष

यसरी हेर्दा सेतो धरती उपन्यासमा देखिएको भाषिक विचलनभित्रका भाषिका विचलन, ध्वनि प्रक्रियात्मक विचलन, अर्थतात्त्विक विचलन, व्याकरणिक विचलनभित्र पदक्रम विचलन र आदर विचलनहरूलाई एक एक गरी केलाउने जमर्को गरिएको छ । प्रस्तुत उपन्यासको भाषामा गरिएका यस्ता विचलनहरूले उपन्यासको भाषालाई सार्थक र जीवन्त तुल्याएको पाइन्छ । अर्थात् *'सेतो धरती'* उपन्यासको भाषिक संरचना र अर्थ सङ्गतिमा सार्थक र उद्देश्यपूर्ण विचलनहरू प्रशस्त रहेको पाइन्छ । यस उपन्यासमा प्रभावकारी अभिव्यञ्जनाको दृष्टिकोणबाट अर्थतात्त्विक विचलन, भाषिका विचलन र व्याकरणिक पदक्रमको विचलन नै बढी शक्तिशाली अवस्थामा रहेको देखिन्छ । भाषिक सौन्दर्यमा देखा परेका गुणस्तरलाई विचलनका यिनै पद्धतिले सुन्दर र सार्थक ढङ्गबाट प्रतिनिधित्व गरेका छन् । यसका अतिरिक्त अन्य विचलनको कम प्रयोग भए तापनि भाषिक कलाका नवीनतम आयामहरूलाई सरल र आकर्षक ढङ्गले उद्घाटन गर्न प्रयत्न गरिएको छ ।

भाषिकागत विचलनको अत्यधिक प्रयोग भएको यस उपन्यासमा भाषिकागत विचलनको प्रभावले अभिव्यक्तिगत नवीनता र प्रभावकारिता पनि सिर्जना गरेको पाइन्छ । मूलतः गण्डकी प्रदेशको पहाडी भूभागमा प्रयोग हुने पश्चिमा भाषा अझै भनौँ बढी पर्वती उपभाषिकाको अत्यधिक प्रयोग भएको पाइन्छ । भाषिका विचलनले पहाडी क्षेत्रमा प्रयोग हुने भाषिका र भाषिक भेदलाई पच्छ्याउनुका साथै स्थानीय रङ्ग, संस्कृति र पर्यावरणको झझल्कोलाई जीवन्त बनाएको पाइन्छ जुन उपन्यासकार अमर न्यौपानेको वैशिष्टय पनि हो । यसले न्यौपानेलाई सफल बनाएको देखिन्छ ।

## सन्दर्भ सामग्री सूची

खनाल, राजेन्द्र (२०६८), *शैलीवैज्ञानिक पठनमा दुई उपन्यास,* तन्नेरी प्रकाशन ।

खनाल, राजेन्द्र (२०७८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख क्षेत्र* (दोस्रो संस्करण), सनलाइट पब्लिकेसन ।

गौतम, कृष्ण (२०५९), *आधुनिक आलोचनाः अनेक रूप अनेक पठन* (दोस्रो संस्करण), साझा प्रकाशन ।

ढकाल, शान्तिप्रसाद (२०६७/२०६८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* शुभकामना प्रकाशन ।

तिवारी, भोलानाथ (सन् १९७१), *भाषा विज्ञान,* किताबमहल ।

तिवारी, भोलानाथ (सन् १९७७), *शैलीविज्ञान,* शब्दाकार ।

त्रिपाठी, वासुदेव (२०५८), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* (पाँचौँ संस्करण), साझा प्रकाशन ।

नेपाल, घनश्याम (सन् २००५), *आख्यानका कुरा* (दोस्रो संस्करण), एकता बुक्स हाउस ।

नेपाल, घनश्याम (सन् २००९), *शैलीविज्ञान* (दोस्रो संस्करण), एकता बुक्स हाउस ।

न्यौपाने, अमर (२०६८), *सेतो धरती,* फाइन प्रिन्ट पब्लिकेसन ।

बराल, ईश्वर (२०५६), *छरिएका समीक्षा* (सम्पा.शरदचन्द्र शर्मा भट्टराई), साझा प्रकाशन ।
बस्याल, जीवलाल (२०६६) *विचलन : स्वरूप र संरचना, संयोजन,* वर्ष ४, अङ्क ३ ।
भण्डारी, पारसमणि र अन्य (२०६८), *भाषिक अनुसन्धान विधि,* पिनाकल पब्लिकेसन प्रा.लि. ।
लिच, जियोफ्री एण्ड सर्ट, मिचेल (सन् १९९५), *स्टाइल इन फिक्सन,* लङ्म्यान ।
लुइटेल, खगेन्द्रप्रसाद (२०६२), *कविताको संरचनात्मक विश्लेषण,* विद्यार्थी पुस्तक भण्डार ।
वेल्स, कटी (सन् २००१), *अ डिक्सनरी अफ स्टाइलिस्टिक्स,* पियर्सन एजुकेसन लिमिटेड ।
शर्मा, मोहनराज (२०५९), *शैलीविज्ञान* (दोस्रो संस्करण), नेपाल प्रज्ञा प्रतिष्ठान ।
श्रेष्ठ, दयाराम (२०७८), *गद्यशैलीको रूपविज्ञान,* शिखा बुक्स ।